गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश
शुभाघाट, सुर्खेत
९८५८०६५१११

पत्र संख्याः २०८२-०८३
च.न. :

मितिः २०८२-११-२६

**विषयः बेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुने सम्बन्धी सुचना।**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २(थ), रोजगार हक सम्बन्धी ऐन,२०७५ को दफा ११ को उपदफा १, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ तथा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका,२०८२ को दफा १७ र मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ को अनुसुची ३ को (6) वमोजिम आगामी आर्थिक वर्ष २०८३/०८४ मा संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकार द्वारा सञ्चालन हुने रोजगारमुलक,सीपमुलक,उद्यमशिलता विकासका कार्यक्रमहरुमा सहभागी हुनका लागि र सार्वजनिक निर्माणका काममा योगदान दर्ने ईच्छुक सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला,आदिवासी,जनजाती,दलित,सिमान्तकृत समुदाय तथा विपन्न वर्गका वेरोजगार व्यक्तिहरुले २०८२ **चैत १५** गते सम्म आफुले स्थायी वसोवास गरेको वडाको वडा कार्यालयमा गई वेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुन तपशिल बमोजिमका कागजपत्र सहित निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरु :**

- ✓ नागरिकताको फोटोकपी एक थान,
- ✓ पासपोर्ट साईजको फोटो एक थान,
- ✓ फारममा उल्लेख गरिने परिवार संख्या (१८-५९ वर्ष) का नागरिकताको प्रतिलिपि १ प्रति साथै सबै परिवारको परिचय खुल्ने गरि भरिएको फारम १ प्रती,
- ✓ विवाह दर्ताको प्रतिलिपी/वसाईसराईको प्रमाणपत्र (नागरिकता जारी जिल्ला फरक भएमा),
- ✓ निवेदकले कुनै सिपमुलक तालिम लिएको भए सोको प्रतिलिपी १ प्रती,

थप जानकारीका लागी रोजगार सेवा केन्द्रको सम्पर्क नं ९८५८०७८२३७ वा सो सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**बोधार्थः**

सुचना प्रविधि शाखा वेवसाईटमा अपलोड गरिदिनुहुन।
सवै वडा कार्यालयहरुले सुचना प्रचार/प्रसार तथा आवेदन संकलन गरिदिनुहुन।

कृष्ण प्रसाद पोखेल
प्रमुम प्रशासकीय अधिकृत